“कृषि,पर्यटन,उर्जा र पूर्वाधार , अन्नपूर्ण समृद्धिको आधार”

आ.ब. २०७९/०८०

मा सम्पादित योजना र कार्यक्रमको

बार्षिक प्रगति विवरण

अन्नपूर्ण गाउँपालिका,कास्की

प्रस्तोता :खेमराज देबकोटा

प्रमुख प्रशासकीय अधिकृत

अन्नपूर्ण गाउँपालिका संक्षिप्त परिचय

- भौगोलिक रुपमा ८३⁰४२'०"E देखि ८३⁰५७'०"E पूर्व देशान्तरसम्म र २८⁰३६'४५"N देखि २८⁰१५'१५"N उत्तरी अक्षांश सम्म फैलिएको ।
- समुन्द्री सतहबाट ८३१ मिटरदेखि ८०९१ मिटरको उचाईसम्म फैलिएको यस गाउँपालिकाको कुल क्षेत्रफल ४१७.७४ वर्ग कि.मी. रहेको ।
- यस गाउँपालिकामा ११ वटा वडा रहेका छन् ।
- यस गाउँपालिकाको कुल घरधुरीसंख्या ६०२९ छ भने जनसंख्या २३४१७ रहेको छ ।
- यस गाउँपालिकाको जनघनत्व ५६.०५ व्यक्ति प्रतिबर्ग कि.मी. रहेको छ ।



वडा नं.	क्षेत्रफल (वर्ग कि.मि.)
१	६.७२
२	२.८१
३	१३.४८
४	१०.५४
५	५.७३
६	९
७	४४.५६
८	१२.८७
९	२९.९३
१०	२०.३
११	२६१.८
	४१७.७४

भू-उपयोगको विवरण (वर्ग कि.मि.)	
झाडी	९.६२
खेतीयोग्य जमिन	५३.७४
वनजंगल	१५७.०८
चरि चरन	१२४.१३
बालुवा (नदी किनार)	४.१३
खोला,नदी,पोखरी,आदि	०.४४
हिउँ क्षेत्र	२१.६८
घाँसे मैदान	४६.१८

श्रोत	बार्षिक अनुमानित आय	बास्तबिक आय
संघ		
समानीकरण अनुदान	११ करोड १९ लाख	१० करोड ३५ लाख
शसर्त अनुदान चालु	२९ करोड ५३ लाख	२७ करोड १५ लाख
शसर्त अनुदान पुँजीगत	२ करोड ९७ लाख	२ करोड ५५ लाख
बिशेष अनुदान पुँजीगत	१ करोड ९७ लाख	१ करोड ४२ लाख
समपुरक अनुदान पुँजीगत	३ करोड ६० लाख	२ करोड ६२ लाख
राजश्व बांडफांड	११ करोड ४ लाख ९२ हजार	७ करोड २९ लाख
प्रदेश		
समानीकरण अनुदान प्रदेश	१ करोड २६ लाख ६३ हजार	१ करोड १० लाख ८० हजार
समपुरक अनुदान पुँजीगत	५० लाख	३१ लाख
राजश्व बांडफांड प्रदेश	६३ लाख ३४ हजार	६५ लाख ३८ हजार
शसर्त अनुदान पुँजीगत	५० लाख	-
समपुरक अनुदान पुँजीगत	५० लाख	३१ लाख
आन्तरिक राजश्व	२ करोड	१ करोड ८८ लाख
जम्मा	७३ करोड ३४ लाख	६१ करोड ८० लाख

आन्तरिक राजश्व संकलनको अवस्था



5

खर्च प्रतिशत



कुल बजेट र खर्चको अवस्था
(७९.२ प्रतिशत)



क्षेत्रगत बजेट तथा खर्च (हजारमा)



अन्नपूर्ण गाउँपालिका

आ.ब. २०७९/८० मा जारी भएका कानून (ऐन, नियम निर्देशिका, कार्यविधि, मापदण्ड)

हाल सम्म तर्जुमा भएका कानुनहरु — १५

राजपत्रमा प्रकाशन गरिएका कानुनहरु — १५

अन्नपूर्ण गाउँपालिका

वडागत ब्यबसाय दर्ताको संख्यात्मक विवरण

११ वटै वडाको जम्मा

ब्यबसाय दर्ता संख्या १५२१

आ.ब. ०७९/८० को बिषयगत क्षेत्र अनुसार बजेट तथा खर्च विवरण,मुख्य उपलब्धि र झलकहरु

खण्ड (ख)
सामाजिक बिकास

खण्ड (ग)
पूर्वाधार बिकास

खण्ड (क)
आर्थिक बिकास

खण्ड (घ)

वन वातावरण तथा बिपत ब्यबस्थापन

खण्ड (ङ)
शुसासन ,संस्थागत बिकास ,सेवा प्रवाह

बिषयगत क्षेत्रअनुसार खर्च,प्रमुख उपलब्धि र तस्बिरहरु

खण्ड (क)

आर्थिक विकास

अन्नपूर्ण गाउँपालिका

क्षेत्रगत बजेट तथा खर्च

सि.न.	क्षेत्र\उप क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	कृषि र पशुपालन	२ करोड ५१ लाख	१ करोड १ लाख	४०.२३
२	पर्यटन तथा उद्योग	१ करोड ७६ लाख	१ करोड ५४ लाख	८७.५
३	सहकारी	५ लाख	४ लाख ९५ हजार	९९.०५
४	अन्य (भूमि,जलश्रोत,सिंचाई)	३ लाख	२ लाख ५० हजार	८३.३३
	कुल जम्मा	**४ करोड ३५ लाख**	**२ करोड ६३ लाख**	**६०.३**

आर्थिक बिकासका कृयाकलाप एबम उपलब्धि

- कृषकहरुलाई अनुदानमा आलु लगायत अन्य बिउ बिजन वितरण
- ११ वटै वडामा नमूना कृषि फर्म स्थापना गरिएको
- रैथाने बाली प्रवर्धन अन्तर्गत घान्द्रुकमा रैथाने बालीका परिकार निर्माण सम्बन्धि तालिम एबम प्रदर्शनी कार्यक्रम संचालन गरिएको
- तरकारी पकेट कार्यक्रम संचालन गरिएको
- आन्तरिक उत्पादनको क्लष्टर निर्माण गरिएको
- पशु स्वास्थ्य सेवा,रेबिज एबम खोरेत बिरुद्धको खोप बितरण
- पशु आहारा सेवा,कृत्रिम गर्भाधान सेवा
- दुध उत्पादनको आधारमा कृषकहरुलाई अनुदान उपलब्ध गराइएको
- कुखुराको चल्ला खरिदमा अनुदान उपलब्ध गराइएको
- लाभान्वित कृषक संख्या : ३ हजार १ सय ३३

- पर्यटन प्रवर्धनको बिभिन्न कृयाकलापहरु अघि बढाएको
- सहकारीहरुको क्षमता अभिवृद्धिको कार्यक्रम सम्पन्न गरिएको
- ११ वटै वडामा निस्सा वितरण सम्पन्न गरिएको
- वडा नं.५ मा दुई जना भूमिहीन सुकुम्बासीलाई लालपुर्जा वितरण गरिएको
- उद्यम बिकास समिति गठन गरी उद्यम बिकासको लागि घरघुरी सर्वेक्षण सम्पन्न गरिएको, समुह गठन मार्फत उद्यम बिकासका कार्यक्रम अगाडी बढाइएको

आर्थिक बिकाससंग सम्बन्धित झलकहरु

क्लाष्टरमा रथाने बाली प्रवर्धन कार्यक्रम

तरकारी पकेट विकास कार्यक्रम

हिउँदे घौंस बिउ वितरण

आन्तरिक उत्पादनमा जोड

- ब्यबसायिक कृषि तथा पशु पालन एबम मासुजन्य उत्पादनमा जोड
- कृषकहरुलाई बिभिन्न अनुदान
- आवश्यक परामर्श, आन्तरिक उत्पादन एबम प्रवर्धनको लागि बिभिन्न कार्यक्रम
- रैथाने बाली संरक्षण, पकेट क्षेत्र निर्धारण गरी व्यावसायिक कृषिको सुरुवात

वडा नं. ८ बिरेठाँटीमा कृषि तथा पशु सेवा केन्द्र स्थापना गरी सेवामा विकेन्द्रीकरण

टोल टोलमा पशु स्वास्थ्य शिबिर

कन्दमुल तथा कोदो बाली प्रदर्शनी मेला

सहकारीका ब्यबस्थापकका लागि क्षमता अभिवृद्धि

उद्यमशिलता बिकास तालिम

आत्मनिर्भरता मार्फत समृद्धि

उद्यम बिकास सम्बन्धि सिप मुलक तालिमहरु

भूमिहीन सुकुम्बासीलाई जग्गाधनी प्रमाणपुर्जा वितरण

निस्सा वितरण कार्यक्रम

हनी हन्टीङ महोत्सब

वित्तीय साक्षरता तथा मनो सामाजिक परामर्श

सहकारी ब्यबस्थापन तालिम

बिषयगत क्षेत्रअनुसार खर्च,प्रमुख उपलब्धि र तस्बिरहरु

खण्ड (ख)

सामाजिक विकास

अन्नपूर्ण
गाउँपालिका

क्षेत्रगत बजेट तथा खर्च

सि.न.	क्षेत्र\उप क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	शिक्षा	२६ करोड ८८ लाख	२५ करोड २ लाख	९३.०८
२	स्वास्थ्य	५ करोड ६४ लाख	४ करोड ७ लाख	७८.८७
३	खानेपानी तथा सरसफाई	२ करोड ७३ लाख	१ करोड ९० लाख	६९.८३
४	भाषा तथा संस्कृति	१६ लाख	१५ लाख ६० हजार	९७.५३
५	सामाजिक समाबेसिकरण एबम सुरक्षा तथा संरक्षण	१ करोड १३ लाख	५५ लाख	४८.६७
६	युवा तथा खेलकुद	१५ लाख ६८ हजार	१२ लाख ५ हजार	७६.८७
	कुल जम्मा	**३६ करोड २८ लाख**	**३१ करोड ८३ लाख**	**८७.७५**

सामाजिक बिकासका कृयाकलाप एबम मुख्य उपलब्धि

- सबै बिद्यालयको नतिजा विश्लेषण गरी सुधारको लागि सामुहिक प्रतिबद्धता गराइएको,जसबाट शैक्षिक स्तर सुधार देखिएको ,बि.व्य.स. र अन्य सरोकारवाला बिच नियमित अन्तरकृयाको व्यवस्था गरिएको
- पठन पाठनहुने बिषयगत समिति गठन गरी सकृय बनाइएको
- गाउँ शिक्षा समितिलाई पूर्णता दिइएको
- अतिरिक्त कृयाकलाप संचालन गरिएको ,उत्कृष्ट बिद्यालय,बिद्यार्थी सम्मानको सुरुवात गरीएको
- खेलकुद बिकासको लागि बिभिन्न प्रतियोगिता आयोजना गरिएको, खेलाडी प्रोत्साहनका कार्यक्रम अघि बढाइएको
- गाउँपालिका बासीका लागि लोकसेवा आयोग तयारी कक्षा संचालन गरिएको

- सबै वडामा स्वास्थ्य सेवाको पहुँच पुगेको, पर्याप्त औषधी र स्वास्थ्य कर्मीको व्यवस्था गरिएको
- स्वास्थ्य बिमा कार्यक्रम संचालन गरी ११५७ परिवारको बिमा गरिएको (५० प्रतिशत गा.पा. बाट व्यहोर्ने गरी)
- सामाजिक सुरक्षा भत्ता फरवार्ड फिड प्रणाली मार्फत वितरण गर्ने गरिएको, बैंकहरुसंग सम्झौता गरी सहज रुपमा वितरणको व्यवस्था गरिएको
- अपांगहरुलाई पोषण सामग्री वितरण गरिएको
- परिचय पत्र वितरण र सामाजिक सुरक्षा एबम संरक्षणलाई प्राथमिकता दिइएको
- ९९ प्रतिशत परिवारमा खानेपानी सुबिधा उपलब्ध भएको,संघीय सरकार मार्फत बृहत लान्द्रुक खानेपानी आयोजनाको काम सुरुवात भएको

झलकहरु

गाउँ शिक्षा समिति गठन

बिद्यालय स्तरीय खेलकुद प्रतियोगिता

शिक्षामा नबिनता,गुणस्तरीय शिक्षाको सुनिश्चितता

गाउँ तथा वडा शिक्षा समिति , सामुहिक प्रतिबद्धता ,नियमित बैठक, छलफल तथा अन्तरकृया

शिक्षा समितिद्वारा बिद्यालय अनुगमन

पूर्ण खोप घोषणा कार्यक्रम

बाल गृह अनुगमन

लैंगिक हिंसा र महिला अधिकार सम्बन्धि अन्तरकृया

अपांगलाई पोषणयुक्त खानेकुरा एबम व्हिल चेयर वितरण

पूर्ण खोप सुनिश्चितता घोषणा तथा पारिबारिक स्वास्थ्य प्रोफाइल सार्वाजनिकरण

अध्यक्ष कपमा भलिबल बिजेता टिम

अध्यक्ष कपमा सम्माननीय राष्ट्रिय सभाध्यक्ष गणेश प्रसाद तिमिल्सिना ज्यू

स्वास्थ्य सम्बन्धि कार्यक्रम

माछापुच्छ्रे मा.बि.मा संचालित बृहत स्वास्थ्य शिबिर

शसक्तिकरण र सामाजिक समावेशीकरणमा अन्नपूर्ण गाउँपालिका

- ११ वटै वडामा महिला संजाल गठन भई कृयाशील रहेक
- पालिका स्तरीय महिला सन्जाल गठन
- क्षमता अभिवृद्धि कार्यक्रम,शसक्तिकरण कार्यक्रम
- काननी सचेतना,जिबिको पार्जन र उद्यम बिकास

गाउँपालिका कार्यक्षेत्र रहेका गैसस संग समन्वयात्मक बैठक

बिषयगत क्षेत्रअनुसार खर्च,प्रमुख उपलब्धि र तस्बिरहरु

खण्ड (ग)

पूर्वाधार विकास

अन्नपूर्ण
गाउँपालिका

क्षेत्रगत बजेट तथा खर्च

सि.न.	क्षेत्र\उप क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	यातायात पूर्वाधार	१६ करोड ८८ लाख	१२ करोड ३८ लाख	७३.३७
२	भवन आवास तथा सहरी बिकास	२ करोड ४५ लाख	९८ लाख ५६ हजार	४०.२२
३	उर्जा	११ लाख	१० लाख ४७ हजार	९५.२४
४	सम्पदा	८६ लाख ६९ हजार	५२ लाख २० हजार	६०.२२
	कुल जम्मा	**२० करोड ३१ लाख**	**१४ करोड**	**६८.९३**

योजना संख्या,सम्झौता एबम सम्पन्न स्थिति

पूर्वाधार बिकासका कृयाकलाप एबम मुख्य उपलब्धि

- अनलाइन मा आधारित योजना ब्यबस्थापन प्रणाली कार्यान्वयन गरिएको
- आयोजनाको अभिलेखीकरणको लागि GIS Mapping को सुरुवात गरिएको
- वडा कार्यालयमा नै शिबिर संचालन गरी योजना सम्झौता गरिएको
- गुणस्तरीय पूर्वाधार र दिगो बिकासको स्थानीयकरणलाई जोड दिइएको

योजना ब्यबस्थापन, अनुगमन र जिआइएस दस्ताबेजिकरण

पहिले

अनुसूची २
कार्यविधिको दफा ७ (२) संग सम्बन्धित)

अन्नपूर्ण गाउँपालिका
माछापोखरी कास्की

योजना सम्झौता फाराम

१. सम्झौता गर्ने पक्ष र आयोजना:
क) उपभोक्ता समितिको विवरण:
१. नाम: पुरानो बाटोको पक्कलुई बाँधे ग्रावेल कार्य
२. ठेगाना: अन्नपूर्ण गाउँपालिका वडा नं. ९, कास्की
ख) आयोजनाको विवरण:
१. नाम: पुरानो बाटोको पक्कलुई बाँधे ग्रावेल कार्य
२. आयोजना स्थल: अन्नपूर्ण गाउँपालिका वडा नं. ९, कास्की
३ उद्देश्य:
४. आयोजना सुरु हुने मिति: २०७९।१।२१ गते
५. योजना स्वीकृत गरेको संस्था:- क) गाउँपालिका/वडा नं. ९ ख) विनियोजित रकम रु. ५,००,०००+ ६,९५,०००
ग) मिति: २०७८।८।१४ गते = ११,९५,०००/-
२. आयोजनाको लागत सम्बन्धि विवरण:
क) लागत अनुमान रु. प्राविधिक इस्टिमेट अनुसार
ख) लागत व्यहोर्ने श्रोतहरु
१. गाउँपालिका रु. ११,९५,०००.०० (एघार लाख)
२. वडा नं. ९ को कार्यालय: रु. .....
३. उपभोक्ता समिति रु. .....
४. अन्य रु. .....
ग) वस्तुगत अनुदान

क्र.सं.	विवरण	सामानको नाम	एकाई	कैफियत
१.	संचयाट			
२.	प्रवेशयाट			
३.	अन्नपूर्ण गाउँपालिकायाट/वडा नं. ..... याट	पुरानो बाटोको पक्कलुई बाँधे ग्रावेल कार्य		
४.	गैरसरकारी संघसंस्थायाट			
५.	विदेशी दातृ संघ संस्थायाट			
६.	उपभोक्ता समितियाट			
७.	अन्य निकायबाट			

घ) आयोजनाबाट लाभान्वित हुने: १. घरपरिवार संख्या: ४५०५ २. जनसंख्या: ११४८
३. संगठित संस्था: २ ४. अन्य: २

अहिले

- योजनाको बास्तबिक भौतिक प्रगति प्रणाली मार्फत आम जनताले समेत हेर्न सक्ने
- सम्पन्न आयोजनाको GIS Mapping सहितको अभिलेखीकरण एबम दस्ताबेजिकरण भएको
- नागरिकता नं. र मोबाइल नं. ट्र्याकिङ गरी पदाधिकारी डुप्लिकेसन अन्त्य गरिएको, समाबेशी उपभोक्ता समितिको सुनिश्चित भएको
- योजना गरिएको मिति र वास्तविक मितिलाई ट्र्याक गर्ने गरिएको
- Open Contracting Data Standard(OCDS) को अभ्यासले पारदर्शिता निम्त्याएको
- दिगो विकासको स्थानीयकरणमा सहयोग पुगेको
- योजनाको काम समयमै सम्पन्न गर्न उपभोक्ता समितिलाई प्रणाली बाटै म्यासेज मार्फत निर्देशन गर्न सकिने
-

सम्पन्न योजनाको अभिलेखीकरण र दस्ताबेजिकरण थिएन
योजनाको स्थिति तथा बास्तबिक भौतिक प्रगति मापन थिएन
पभोक्ता समितिमा पदाधिकारी दोहोरिने समस्या थियो, माबेशिताको सुनिश्चित थिएन

आयोजना संग सम्बन्धित झलकहरु

वडा कार्यालयमा योजना सम्झौता शिबिर

सडक बाटो स्तरोन्नती नापजाँच एबम अनुगमन गर्दै प्राबिधिक

निर्माण सम्पन्न पर्यटक पदमार्ग

सडक बाटो स्तरोन्नती

धार्मिक एबम पर्यटकीय स्थल संरक्षणको लागि नापजांच गर्दै प्राबिधिक

ढलान बाटो अनुगमन

बाटो ढलान वडा नं. ९

निर्माणाधिन आयोजनाको अनुगमन

निर्माणाधिन खानेपानी ट्याङ्की

काडे-भदौरे-सल्यान सडकसँग सम्बन्धित झलक

पदमार्गमा रहेको जिर्ण झोलुंगे पुल स्तरोन्नती

विभिन्न आयोजनाहरुको गुणस्तर परीक्षण

बिषयगत क्षेत्रअनुसार खर्च,प्रमुख उपलब्धि र तस्बिरहरु

खण्ड (घ)

वन वातावरण तथा बिपत ब्यबस्थापन

अन्नपूर्ण गाउँपालिका

क्षेत्रगत बजेट तथा खर्च

सि.न.	क्षेत्र\उप क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	वन वातावरण तथा विपद ब्यबस्थापन	५० लाख ३९ हजार	५० लाख ३९ हजार	१००

वन,वातावरण एबम विपद ब्यबस्थापनका कृयाकलाप एबम मुख्य उपलब्धि

- विपद ब्यबस्थापन सम्बन्धि तालिम सम्पन्न गरिएको
- बिभिन्न विपद पिडितहरुलाई राहत उपलब्ध गराइएको
- विपद प्रतिकार्यका लागि बिभिन्न कार्यक्रम संचालन गरिएको
- विपद तथा जलश्रोत सम्बन्धि कार्यविधि निर्माण गरिएको
- विपद प्रभावित परिवारको लगत संकलन गरिएको
- मनसुन जन्य विपद प्रभावित १६ परिवारलाई निकासा प्रदान गरिएको
- वातावरण र पर्यावरणीय संरक्षण संग सम्बन्धित बिभिन्न आयोजना संचालन भईरहेका

तस्बिरहरु

विपद तथ्यांक संकलन प्रणाली सम्बन्धि अभिमुखीकरण कार्यक्रम

सुरक्षाकर्मीलाई विपद सामग्री हस्तान्तरण

विपद अनुगमन

बिषयगत क्षेत्रअनुसार खर्च,प्रमुख उपलब्धि र तस्बिरहरु

खण्ड (ङ)

शुसासन,संस्थागत बिकास तथा सेवा प्रवाह

अन्नपूर्ण गाउँपालिका

क्षेत्रगत बजेट तथा खर्च

सि.न.	क्षेत्र\उप क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	मानब बिकास,तथ्यांक प्रणाली,सूचना प्रबिधि,कार्यालय संचालन एबम अन्य प्रशासनिक	१२ करोड ३९ लाख	९ करोड ६३ लाख	७७.७७

सुशासन,संस्थागत बिकास तथा सेवा प्रबाहका कृयाकलाप एबम मुख्य उपलब्धि

- चालु आ.ब.को सुरुवात बाटै विद्‌युतीय हाजिरीको सुरुवात गरिएको
- कर्मचारीसंग कार्यसम्पादन सम्झौता गरी जिम्मेवार बनाइएको
- शाखा प्रमुखहरुद्वारा कार्ययोजना निर्माण नियमित बैठक,समिक्षा,र प्रतिबेदन पेश गर्ने कार्य सुरुवात गरिएको जसबाट शुसासन, सेवा प्रबाह र संस्थागत बिकासमा उल्लेख्य सुधार देखिएको
- QR Code र अनलाइन मार्फत सेवाग्राही सन्तुष्टी सर्वेक्षण गरी प्राप्त गुनासो र सुझाबलाई विश्लेषण गर्ने गरिएको
- गा.पा. र ११ वटै वडामा विद्‌युतीय प्रणाली मार्फत राजश्व संकलन र योजना सम्झौता को ब्यबस्था गरिएको,हाल सम्म ५ हजार बढी करदाता प्रणालीमा आबद्ध भएका
- राजश्व चुहावटमा कमी आई राजश्व संकलनमा वृद्धि भएको

- जनप्रतिनिधि एबम कर्मचारीहरुलाई नियमित क्षमता अभिवृद्धिका कार्यक्रम गर्ने गरीएको
- ११ वटै वडाबाट अनलाइन घटना दर्ता भईरहेको
- अध्यक्ष ज्यूको सचिवालयको ब्यबस्था गरी भेटघाट एबम गुनासोको लागि आउने सेवाग्राहीलाई प्रतीक्षा कक्षको ब्यबस्था गरी भेटघाटको ब्यबस्था मिलाउने गरिएको र अध्यक्ष ज्यू को अनुपस्थितिमा समेत सेवाग्राहीको काम र कागजात लिई प्रकृया अघि बढाउने गरीएको

सेवाग्राही सन्तुष्टी सर्वेक्षण फाराम

(अन्नपूर्ण गाउँपालिका,कास्की)

यो सर्वेक्षण अन्नपूर्ण गाउँपालिका कार्यालय,विषयगत शाखा,कार्यक्रम वा अन्तर्गतका वडा कार्यालयवाट प्रवाह हुने सेवाको गुणस्तर, कर्मचारीको व्यवहार र सेवाग्राहीको सन्तुष्टिको लेखाजोखा गर्नको लागि गरिएको हो । यसमा उल्लेखित विवरणहरु गोप्य रहने र अनुसन्धान तथा सेवामा सुधारको लागि भन्दा अन्य प्रयोजनमा प्रयोग गरिने छैन । तपाईले सेवा लिन आउदाको वास्तविक अनुभव र अनुभूती राखिदिनु भई हाम्रो सेवा सुधारको लागि अमूल्य योगदान गरिदिनु हुन हार्दिक अनुरोध छ ।

-- गाउँपालिका अध्यक्ष

SCAN HERE

Form Link : bit.ly/annapurnaservice

यस कार्यालयवाट लिएको सेवावाट तपाईको सन्तुष्टिको स्तर कस्तो रह्यो ?

10 responses



अनलाइन राजश्व संकलन शिबिर

प्राकृतिक श्रोत तथा बित्त आयोगका सदस्य ज्यू संग अन्तरकृया कार्यक्रम

स्थानीय सरकार र शुसासन

राष्ट्रिय गान
 र ई-हाजिरी
को सुरुवात,
नियमित
कार्ययोजना
प्रस्तुत

गाउँपालिकाको पहिचान (लोगो)

अध्यक्ष सचिबालय,सेवाग्राही प्रतिक्षालय,गुनासो सुनुवाईको ब्यबस्था



सेवाग्राही सन्तुष्टी सर्वेक्षण फाराम
(अन्नपूर्ण गाउँपालिका, कास्की)

यो सर्वेक्षण अन्नपुर्ण गाउँपालिका कार्यालय,बिषयगत शाखा,कार्यक्रम वा अन्तर्गतका वडा कार्यालय वाट प्रवाह हुने सेवाको गुणस्तर, कर्मचारीको व्यवहार र सेवाग्राहीको सन्तुष्टिको लेखाजोखा गर्नको लागि गरिएको हो । यसमा उल्लेखित विवरणहरु गोप्य रहने र अनुसन्धान तथा सेवामा सुधारको लागि भन्दा अन्य प्रयोजनमा प्रयोग गरिने छैन । तपाईले सेवा लिन आउदाको वास्तविक अनुभव र अनुभूती राखिदिनु भई हाम्रो सेवा सुधारको लागि अमुल्य योगदान गरिदिनु हुन हार्दिक अनुरोध छ ।

- गाउँपालिका अध्यक्ष

Form Link: bit.ly/annapurnaservice

राजश्व संकलन र भुक्तानी प्रणालीमा आधुनिकीकरण

पहिले

कार्यालयमा लाइन बस्दै सर्वसाधारण

अहिले

बृहत कर संकलन शिबिर,करदाता शिक्षा मार्फत ५००० करदातालाई प्रणालीमा आबद्ध गरिसकिएको

गत श्रावण महिना देखि नै कर संकलन प्रणाली सुरुवात, इ पेमेन्ट कार्यान्वयनमा

कर दाता पोर्टल तथा विद्युतीय भुक्तानी (इपेमेन्ट) सेवाको सुरुवात

इपेमेन्ट सेवा शुभारम्भ समारोहमा प्रदेश कार्यक्रम निर्देशक ज्यू

भौगोलिक हिसाबले ठुलो रहेको यस प्रालिकामा इपेमेन्ट लागु भए संगै
५०० रुपैयाँ कर तिर्नकै लागि २००० खर्च गरेर आउन पर्ने अवस्थाको अन्त्य भएको छ भन्ने आम जनतासम्म
यसको प्रयोगमा सचेतना बढाउन शिबिर,करदाता शिक्षा,डिजिटल साक्षरता जस्ता कार्यक्रम निरन्तर गरिंदै आएको छ ।

टोल टोल मै शिबिर

व्यवसाय एवम् मालपोत कर्दाता दर्ता तथा
अनलाईन राजश्व संकलन
सम्बन्धि शिविर

अन्नपूर्ण गाउँपालिका
योजनाको रकम भुक्तानी
तथा
राजश्व संकलन घुम्ती शिविर
REDMI NOTE 9
BULANDA
24/05/2023 18:39

चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम

सेवाग्राही प्रतिक्षालय,सहायता कक्ष, फ्री वाइफाई जोन

छैठौं स्थापना दिवसको अवसरमा निवर्तमान जनप्रतिनिधि सम्मान

सम्माननीय प्रधानमन्त्री ज्यू समक्ष भेटघाट,बिकास आयोजना माग

भारत केरला राज्यका विकेन्द्रीकरण मोडेलका विज्ञ डा. पि.पि. बालेनसंग अन्तरकृया

नियमित बजार अनुगमन

न्यायिक समिति

- जम्मा दर्ता भएका मुद्धा-२० ,फछ्र्यौट -१२ वटा
- उपल्लो निकायमा सिफारिया-२ वटा, फछ्र्यौट हुन बाँकी-६ वटा
- सबै वडामा मेलमिलापकर्ताको ब्यबस्था गरिएको ,जनप्रतिनिधि र मेलमिलापकर्ता बिच अन्तरकृया सम्पन्न गरिएको
- न्यायिक इजालस संचालनमा रहेको

सूचिकृत मेलमिलापकर्तासंग अन्तरकृया कार्यक्रम

नव प्रवर्तन साझेदारी कार्यक्रम

पर्यटनमैत्री प्रविधिमैत्री नमूना अन्नपूर्ण गाउँपालिका परियोजना

लागत साझेदारी







कृयाकलापहरु

- मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय र गा.पा. को लागत साझेदारीमा **पर्यटनमैत्री प्रबिधि मैत्री नमूना अन्नपूर्ण गाउँपालिका परियोजना** संचालन मार्फत बिभिन्न कृयाकलाप सम्पन्न भएको
- एकीकृत पर्यटन सूचना केन्द्र,पर्यटन पोर्टल संचालन,पर्यटकलाई भर्चुअल टुर, ट्रेकिंग म्याप,होटल,
- पर्यटकीय,धार्मिक,ऐतिहासिक स्थलको जानकारी
- गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रबाहलाई प्रबिधिमैत्री बनाउंदै लगिएको
- यस परियोजनाबाट समग्र गाउँपालिकाको सेवा प्रबाहमा सकारात्मक परिवर्तन देखिन लाएको
- नव प्रवर्धन मार्फत अन्य पालिकालाई समेत सिकाई हुने गरी नविनतम अभ्यासको सुरुवात गरिएको

नव निर्मित एकीकृत पर्यटक सूचना केन्द्र भवन

पर्यटन र रोजगारी : ट्रेकिङ गाइड तालिम

एकिकृत पर्यटन पोर्टल निर्माण

URL-HTTPS://VISIT.ANNAPURNAMUNKASKI.ORG



गाउँपालिकाको आफ्नै ट्रेकिङ म्याप

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेका पर्यटकीय,ऐतिहासिक,धार्मिक महत्वका स्थान,नयाँ गन्तब्य समेटेर बिभिन्न जानकारी सहितको आफ्नै ट्रेकिङ नक्सा बिकास गरेको छ ।





वडा नं. २ मा मेट्रिक हाउस नम्बरीङ र युटिलिटी ब्यबस्थापन डाटा पोर्टलको सुरुवात







बेरुजुको अवस्था

२. अघावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

पालिकाको नाम	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
अन्नपूर्ण गाउँपालिका, कास्की	३९२४९	०	६८६१	३२३८८	०	३१२५०	६३६३८

लेखा परिक्षण गर्ने क्रममा १ करोड २६ लाख बेरुजु को आवश्यक कागजात पेश गरी सम्परीक्षण गरी फर्छ्यौट गरिएको

शुन्य बेरुजु बनाउन लेखा समितिलाई सकृय बनाई वित्तीय अनुशासन कायम गर्न कार्यविधि मस्यौदा निर्माण अन्तिम चरणमा पुगेको

स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन (LISA नतिजा)





LISA,FRA मा कास्की जिल्लाका स्थानीय तहमा अन्नपूर्णको स्थिति

कास्की जिल्लाका स्थानीय तहको स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन नतिजा

स्थानीय तह	LISA प्राप्तांक
अन्नपूर्ण गा.पा.	84.75
माछापुच्छ्रे गा.पा.	54.5
रुपा गा.पा.	73
मादी गा.पा.	81.25
पोखरा म.न.पा.	69.75

स्थानीय तह वित्तीय शुसासन जोखिम मुल्यांकन (FRA)

स्थानीय तह	FRA प्राप्तांक
अन्नपूर्ण गा.पा.	70
माछापुच्छ्रे गा.पा.	54
रुपा गा.पा.	64.5
मादी गा.पा.	53
पोखरा म.न.पा.	43

राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोगद्वारा वित्तीय समानीकरण अनुदान सिफारिस गर्नको लागि स्थानीय तहको कार्य सम्पादन मुल्यांकनका आधारमा सार्वजनिक गरेको नतिजामा

कास्की जिल्लाका स्थानीय तहको प्राप्तांक २०७९

जिल्ला	स्थानीय तह	कुल प्राप्तांक
कास्की	मादी गाउँपालिका	६४.२५२१
कास्की	माछापुच्छ्रे गाउँपालिका	६१.६४५७
कास्की	अन्नपूर्ण गाउँपालिका	६६.१४१९
कास्की	पोखरा महानगरपालिका	४८.६६५३
कास्की	रुपा गाउँपालिका	४९.०९८४

(श्रोत : nnrfc.gov.np)

मिडिया कभरेज

नीति कार्यक्रम माथि सुझाव माग्दै अन्नपूर्ण

आदर्श समाज
हेमजा, २९ जेठ

अन्नपूर्ण गाउँपालिकाले आगामी आव २०७९/८० को नीति तथा कार्यक्रम एवं योजनाका लागि सुझाव लिएको छ । छलफल गरी सुझाव संकलन गरेको हो । त्यस्तै आइतबार पूर्व जनप्रतिनिधि तथा राजनीतिक पाटोका प्रतिनिधिसँग सोही विषयमा अन्तर्क्रिया गरिएको छ ।

शुक्रबारको छलफलमा विज्ञहरुले नीतिगत सुझाव दिए भने आइतबार पूर्व जनप्रतिनिधि तथा राजनीतिक पार्टीका प्रतिनिधिले पूर्वाधार विकासमा जोड दिए ।

विज्ञहरुले गुणस्तरीय शिक्षा तथा स्वास्थ्यतर्फ बढी सुझाव दिएको गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले बताए । छलफलका क्रममा विद्यालयमा स्टार्फ नर्सको व्यवस्था गर्न, मुख्य सडकलाई ध्यान दिएर काम गर्न, कृषि अनुदानभन्दा सामूहिक खेती प्रणालीमा जोड दिन आग्रह गरिएको जनाइएको छ ।

गाउँपालिकाले यही असार ८ गते आफ्नो नीति तथा कार्यक्रम एवं १० गते बजेट ल्याउने तयारी पनि गरेको छ । नीति, कार्यक्रम तथा बजेटका लागि अमूल्य सल्लाह सुझाव प्राप्त भएको गाउँपालिकाको ठहर छ ।

त्यस्तै पालिकाले आगामी दिनमा समेत छलफल र योजना कार्यान्वयन सम्बन्धमा प्रभावकारी कार्यका लागि विषयगत तथा क्षेत्रगत विज्ञहरुको रोस्टर तयार गर्ने कामको सुरुआतसमेत गरेको छ ।

पालिका अध्यक्ष केसीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा उपाध्यक्ष चन्द्रकला अधिकारीले स्वागत तथा शिक्षा अधिकृत बलराम भुगाईले कार्यक्रम सञ्चालन गरे ।

अन्नपूर्ण पूर्ण खोप सुनिश्चित

आदर्श समाज
हेमजा, २४ असार

अन्नपूर्ण गाउँपालिकालाई बिहीबार एक कार्यक्रमबीच पूर्ण खोप सुनिश्चित तथा दिगोपना घोषणा गरिएको छ । गाउँपालिकाभित्र रहेका १६ देखि २३ महिनाभित्रका कुल २ सय ५७ बच्चालाई खोपको पूर्ण मात्रा दिएसँगै सो पालिकालाई पूर्ण खोप सुनिश्चित तथा दिगोपना घोषण गरिएको हो । कार्यक्रममा गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले बालबालिकाको भविष्यप्रति पालिका चनाखो रहेको औंल्याउँदै अभिभावक पनि थप सचेत बन्नुपर्ने जनाए । उपाध्यक्ष चन्द्रकला अधिकारीले मानिसका लागि स्वास्थ्य नै महत्वपूर्ण कुरा भएको चर्चा गर्दै पूर्ण खोपसँगै बच्चाको वृद्धि विकासमा सहयोग पुग्ने स्पष्ट पारिन् । प्रमुख प्रशासकीय अधिकृत खेमराज देवकोटा, स्वास्थ्य कार्यालय कास्की प्रमुख बद्री आचार्य, अन्नुपूर्ण १ का अध्यक्ष तथा सामाजिक विकास समितिका संयोजक तुलसीप्रसाद अधिकारी, लुम्ले स्वास्थ्य चौकी इन्चार्ज लोकबहादुर भण्डारीलगायतले पनि धारणा राखे । पालिका अध्यक्ष केसीको अध्यक्षतामा भएको उक्त कार्यक्रम स्वास्थ्य संयोजक ऋषिराम पौडेलले सञ्चालन गरे ।

samadhannews.com/20

समाधान

अन्नपूर्ण गाउँपालिकामा निस्सा वितरण

समाधान संवाददाता
२०७९ साउन २७ गते १३:४५

कास्की ।
कास्कीको अन्नपूर्ण गाउँपालिकाले बिहीबार निस्सा वितरण गरेको छ । पालिकाले ३ जना भुमिहिन दलित, ८ जना भुमिहिन सुकुम्बासी र ५९ जना अव्यवस्थित बसोबासीलाई निस्सा वितरण गरेको हो । वडा नम्बर ११ का वडाध्यक्ष हिम बहादुर गुरुङको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

राष्ट्रिय भुमि आयोग, जिल्ला समिति कास्कीका सदस्य आस बहादुर गुरुङले निस्साको महत्व र यसको उपयोगको बारेमा जानकारी दिदैं, कोहि व्यक्ति अब भुमिहिन नरहने र यसको समाधानको सुरुवात अन्नपूर्णबाट भएको कुरा व्यक्त गरे ।

गाउँपालिकाले हालसम्म गरेका प्रगति र अब गर्ने कुराको बारेमा कार्यक्रमका पालिकाका अध्यक्ष बिष्णुबहादुर केसीले बताए । उनले गाउँपालिका अब आत्मनिर्भर हुनुपर्ने र आफ्नो जिविको पार्जन र बासको लागि जग्गा उपलब्ध गराउन गाउँपालिका तत्पर रहेको कुरा उल्लेख गरे ।

राष्ट्रिय भुमि आयोग,अन्नपूर्ण गाउँपालिका इकाईका फोकल पर्सन प्रभात पौडेल गाउँपालिकाले हालसम्म गरेको प्रगति र अबको कार्ययोजना र कार्यदिशा प्रस्ट पारे। साथै उनले पालिकाले छिट्टै सबै वडामा निस्सा वितरण कार्यसकि कार्यपालिकामा पेश गर्ने बताए ।

वडाध्यक्ष हिमबहादुर गुरुङले जनताको समस्या र हाल आयोगले दिएको राहतको बारेमा जानकारी दिए । उनले संरक्षण क्षेत्रमा भएका कारणले हामिले जान नपाउने र साथै यहाँका जनता संरक्षण क्षेत्र घोषणा हुन पुर्व नै बसोबास गरेकाले सरकाले जग्गा उपलब्ध गराउने बारे विस्वस्त रहेको समेत जानकारी गराए । कार्यक्रम संचालन फोकल पर्सन प्रभात पौडेलले गरेका थिए ।

२०७९ मंसिर २८ गते बुधबार ३

वीरेठाँटीमा पर्यटन सूचना केन्द्र

समाधान संवाददाता
पोखरा, २७ मंसिर

कास्कीको अन्नपूर्ण गाउँपालिका वडा नं. ८ स्थित वीरेठाँटीमा एकीकृत पर्यटक सूचना केन्द्र स्थापना हुने भएको छ । सोमबार गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले केन्द्र शिलान्यास गरे ।

गाउँपालिका भित्रिने पर्यटकलाई सही सूचना प्रदान गर्ने, नयाँ पर्यटकीय गन्तव्य र गतिबिधिको प्रचार गर्ने, आन्तरिक उत्पादन प्रवर्द्धन गर्ने, पर्यटकलाई पदमार्ग, घुम्न सकिने ठाउँ, अवलोकन गर्न सकिने दृश्य एवं संस्कृतिसहित पर्यटनबारे सूचना प्रदान गर्ने उद्देश्यले केन्द्र स्थापना गर्न लागिएको गाउँपालिका अध्यक्ष केसीले बताए ।

यो गाउँपालिकाको मुख्य आय स्रोत नै पर्यटन हो । गाउँपालिका उपाध्यक्ष चन्द्रकला अधिकारीले पर्यटन सूचना केन्द्र सञ्चालनलाई गाउँपालिकाले प्राथमिकतामा राखेको उल्लेख गरिन् । उनले पर्यटन विकास र प्रवर्धनमा यसले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिन् ।

अन्नपूर्ण ८ का वडाध्यक्ष विजय गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षा अधिकृत बलराम भुगाईले समेत बोलेका थिए । सूचना प्रविधि अधिकृत ई. सूर्य तिमिल्सिनाले नव प्रवर्धन साझेदारी कार्यक्रम अन्तर्गत यो सूचना केन्द्र स्थापना हुन लागेको हो । सूचना केन्द्र सँगसँगै विस्तृत पर्यटन पोर्टल र मोबाइल एप्लिकेसनमार्फत समग्र गाउँपालिकाको पर्यटकीय गन्तव्य र गतिबिधिको समेत जानकारी लिन सकिनेछ ।

प्रविधियुक्त हुने सूचना केन्द्रमा अग्मेन्टेड रियालिटी र भर्चुअल रियालिटीमार्फत भर्चल टुरसमेत गर्न सकिनेछ । विश्वकै प्रख्यात पर्यटकीय गन्तव्य अन्नपूर्ण आधार शिविर, घान्द्रुक, लान्द्रुक, घोरेपानी, अस्ट्रेलियन क्याम्प, पोथाना, भदौरे यही पालिकामा पर्छन् ।

२०७९ साउन २७ गते शुक्रबार

कास्कीको अन्नपूर्ण गाउँपालिकामा बुधबारदेखि राजस्व प्रणाली अनलाइन माध्यममार्फत गर्ने सुरु गरिएको छ । सेवाग्राहीलाई अनलाइन माध्यममार्फत कारोबार गरी व्यवसाय दर्ताको प्रमाणपत्र वितरण गर्दै गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसी । गाउँपर्दलिकाले भदौ १ देखि स्थानीयलाई यसबारे जानकारी दिने उद्देश्यले अभियान नै संचालन गर्ने जनाएको छ ।
तस्बिर : श्रीभद्र पौडेल/आदर्श समाज

प्रबिधि मैत्री गाउँपालिका निर्माण अभियान

Submitted on: Mon, 08/22/2022 - 21:56

कास्कीको अन्नपुर्ण गाउँपाललिकाले पालिकालाई प्रवीधीमैत्री पालिका वनाउने अभियान संचालन गरेको छ ।

ember 16, 2022) | क्रान्तिपुर

वीरेठाँटीमा पर्यटक सूचना केन्द्र

गण्डकी (काम)- बाग्लुङको अन्नपूर्ण गाउँपालिकाले वीरेठाँटीमा पर्यटक सूचना केन्द्र सञ्चालनमा ल्याउने भएको छ । सोही ठाउँमा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एकाप) ले पर्यटक चेकपोस्ट चलाइरहे पनि पालिकाले सूचना केन्द्र खोल्न लागेको हो । पालिकामा आउने पर्यटकलाई पूर्ण सूचना दिन र पर्यटकको संख्या यकिन गर्न केन्द्र सञ्चालनमा ल्याउन लागिएको गाउँपालिकाकी उपाध्यक्ष चन्द्रकला अधिकारीले बताइन् ।

आगामी ६ महिनामा सूचना केन्द्र बनाइसक्ने योजना अनुसार ५० लाख रुपैयाँ बजेट पालिकाले विनियोजन गरेको छ । नव प्रवर्धन साझेदारी कार्यक्रम अन्तर्गत सूचना केन्द्रसँगै पर्यटन पोर्टल, मोबाइल एप्लिकेसनसमेत सार्वजनिक गरिने पालिकाका सूचना प्रविधि अधिकृत सूर्य तिमिल्सिनाले जनाए । केन्द्रमा भर्चुअल रियालिटिमार्फत पालिकाको पर्यटकीय गन्तव्यको भर्चुअल भ्रमण पनि गराउने योजना छ । पालिकामा अन्नपूर्ण आधार शिविर, घान्द्रुक, लान्द्रुक, अस्ट्रेलियन क्याम्पलगायत पर्यटकीय गन्तव्य छन् । साथै प्रसिद्ध पर्यटकीयस्थल घोरेपानी जाने बाटो पनि यही बिरेठाँटी हो ।

एकापको स्याद सकिएको र अब स्याद थप नहुने सूचना पाएपछि पालिकाले सूचना केन्द्र बनाउन लागेको हो । पालिकाका एक कर्मचारीका अनुसार एकापको चेकपोस्टले गर्ने काम पालिकाको सूचना केन्द्रले गर्नेछ । अन्नपूर्ण क्षेत्र रहेका लमजुङ, मनाङ, मुस्ताङ, स्याङ्जा र बाग्लुङका १५ स्थानीय तह र एकापबीच प्राकृतिक स्रोतसाधनबाट हुने आम्दानीका लागि इन्द्रसमेत रहँदै आएको छ । अधिकारीले एकापभित्रका प्राकृतिक स्रोत साधनबाट हुने आम्दानीमा पालिकाको दावी रहने र सरकारले बसलाई हल गर्नुपर्ने बताउँछिन् । एकापा चेक्रा प्रमुख राजकुमार गुरुङ भने पालिकाले आफ्नो सूचना केन्द्र खोल्नु सकारात्मक भएको बताउँछन् । पालिकामा कति पर्यटक आए भन्ने तथ्यांक राख्नुले योजना निर्माणमा पालिकालाई पनि सहज हुने उनले बताए । पालिकाले सूचना केन्द्र खोल्दैमा एकापसँगको विवाद नै भएको भनेर टिप्पणी गर्न उचित नहने उनले जोडे ।

वीरेठाँटीमा पर्यटन सूचना केन्द्र शिलान्यास

आदर्श समाज

हेमजा, २६ मंसिर

अन्नपूर्ण ८, बीरेठाँटीमा एकीकृत पर्यटक सूचना केन्द्र शिलान्यास गरिएको छ । गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले सोमबार सूचना केन्द्र शिलान्यास गरेका हुन् । उनले गाउँपालिका भित्रिने पर्यटकलाई सही सूचना प्रदान गर्ने, नयाँ पर्यटकीय गन्तव्य र गतिविधिको प्रचारप्रसार गर्ने, आन्तरिक उत्पादन प्रवर्द्धन गर्ने, पर्यटकलाई पदमार्ग, घुम्न सकिने ठाउँ, अवलोकन गर्न सकिने दृश्य एवं संस्कृतिसहित पर्यटनसम्बनेध सम्पूर्ण सूचना प्रदान गर्ने उद्देश्यले केन्द्र स्थापना गर्न लागिएको बताए ।

गाउँपालिका उपाध्यक्ष चन्द्रकला अधिकारीले केन्द्र संचालनलाई गाउँपालिकाले प्राथमिकतामा राखेको जानकारी दिंदै पर्यटन विकास र प्रवर्द्धनमा यसले महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिइन् ।

गाउँपालिकाका सूचना प्रविधि अधिकृत इन्जिनियर सूर्य तिमिल्सिनाले नवप्रवर्द्धन साझेदारी कार्यक्रमअन्तर्गत केन्द्र स्थापना गर्न लागेको जानकारी दिए । उनले सूचना केन्द्रसँगसँगै विस्तृत पर्यटन पोर्टल र मोबाइल एप्लिकेसनमार्फत समग्र गाउँपालिकाको पर्यटकीय गन्तव्य तथा गतिविधिको समेत जानकारी लिन सकिने बताए ।

चालु आर्थिक वर्षभित्रै निर्माण सक्ने गरी गाउँपालिकाको ४६ लाख ९७ हजार रुपैयाँ लागतमा साढे एकतले सूचना केन्द्र भवन बनाउन लागेको हो । निर्माण जिम्मा आर्सडी इञ्जिनियरिङ कन्सल्टेन्सीले लिएको छ । 'कृषि, पर्यटन, उर्जा र पूर्वाधार: अन्नपूर्ण समृद्धिको आधार' नारा आत्मसाथ गर्दै आएको गाउँपालिकाले पर्यटन प्रवर्द्धनको लागि विभिन्न गतिविधि गर्दै आएको छ । अन्नपूर्ण गाउँपालिका वास्तवमा पर्यटकीय हिसाबले महत्वपूर्ण मानिन्छ । विश्वकै प्रख्यात पर्यटकीय गन्तव्य अन्नपूर्ण आधार शिविर, घान्द्रुक, लान्द्रुक, घोरेपानी, अस्ट्रेलियन क्याम्प, पोथाना, भदौरे लगायत स्थान पनि यही पालिकाअन्तर्गत पर्दछन् ।

गाउँपालिका वडा ८ का अध्यक्ष विजय गुरुङको अध्यक्षतामा भएको शिलान्यास कार्यक्रम शिक्षा अधिकृत बलराम भुगाईले संचालन गरेका थिए ।

२०७९ मंसिर २८ गते बुधबार

मोदी किनारमा मह महोत्सव

रिखिराम जिसी
लान्द्रुक, २७ मंसिर

कास्कीको अन्नपूर्ण गाउँपालिका ७ लान्द्रुकमा हनी हन्टिङ फेस्टिबल २०७९ सुरु भएको छ । मोदी खोला किनारको कोटेसाङ महभीरमा मंगलबारदेखि भीर मह झिक्ने काम सुरु भएको हो ।

फेस्टिबलको मंगलबार अन्नपूर्ण गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले उद्घाटन गरे । अध्यक्ष केसीले गाउँपालिकाले पर्यटकीय गन्तव्य विकासमा कुनै आर्थिक समस्या हुन नदिने प्रतिबद्धता जनाए । 'लान्द्रुक पर्यटकीय गाउँ हो । कमजोरीलाई सच्याएर सुन्दर बनाउनु छ,' उनले भने, 'गाउँलेले मेहनत गरे गाउँपालिकाले साथ दिन्छ । हनी हन्टिङ पर्यटन विकासको एउटा माध्यम हो । आर्थिक समस्या हुन्छ भन्ने चिन्ता नगर्नुहोला ।'

हनी हन्टिङलाई आवश्यक स्रोत, साधनका योजना ल्याउन अध्यक्ष केसीले आग्रह गरे । गाउँपालिकाको बजेटबाट लान्द्रुक पुग्ने बाटो दुईतर्फी बनाएर स्तरोन्नति गर्ने उनको प्रतिबद्धता छ । संघ र प्रदेशबाट पनि यो सडकलाई बजेट विनियोजन गर्न पहल गर्ने अध्यक्ष केसीको भनाइ थियो ।

गाउँपालिका उपाध्यक्ष चन्द्रकला अधिकारीले लान्द्रुकको महलाई विदेशसम्म निर्यात गर्न सक्नुपर्ने बताइन् । कोटेसाङ भीरमा ३० वटा मौरीका गोला छन् । २ दिन लगाएर ती सबै गोलामा परेको मह निकालिने फेस्टिबल आयोजक समिति सचिव कमल गुरुङले जानकारी दिए । 'सबै गोलामा मह नहुन पनि सक्छ ।

मह राम्रै निस्किने भयो भने ३/४ दिन लाग्न सक्छ,' उनले भने । जेठ र मंसिर गरेर वर्षमा २ पटक मह काढिन्छ । दोस्रो सिजनको मह निकाल्ने दुई दिनलाई लान्द्रुकमा फेस्टिबल नै आयोजना गरिएको हो ।

https://www.gandaknews.com/2023/01/26/107649/

GANDAKNEWS.COM

अन्नपूर्ण गाउँपालिकाको स्वमुल्यांकन नतिजा : १०० मा ८४.७५ अंक - Gandak News

'पालिकाले नापी ल्याइदिओस्'

समाधान संवाददाता
लोप्रा, २१ कुन

निर्वाचित भएर गएका जनप्रतिनिधि बर्षेपिर्ए नक्साका गुनासो ब्यापक छ । अन्नपूर्ण गाउँपालिकाको जयुना बिकास बिहीबार नेपाल जनताले दैनिक जुधिरहेको बिषयमा ध्यान दिनुपर्ने भन्दै आफ्ना समस्या सुनाइन् ।

२०७४/७५ सालतिर नापीले गरेको जग्गा बिभाजनमा आफूहरुको ठोलमा एउटाको जग्गा अर्कोतिर परेको भन्दै अन्नपूर्ण ३ का छ घर ठोलका नयुनाले गाउँपालिका गुहारको छन् । आर्थिक वर्ष २०७९/८० को पहिलो चौमासिकमा भएका योजना तथा नियमित सेवा प्रवाहको बिषयमा बिहीबार अन्नपूर्ण ३ पत्यरमिल्ल बडा कार्यालयमा आयोजित सार्वजनिक सुनुवाईमा उनले गाउँपालिका नेतृत्वको ध्यानाकर्षण गराएको हुन् ।

'नापीबाट गल्ती हुँदा एउटाको जग्गा अर्कोको जिम्मामा गएको छ । ठोलमा यही बिषयले भगडा हुन्छ,' उनले भनिन्, 'गाउँपालिकाले नापी ल्याउन सकुछ कि सकदैन ? ल्याइदिनुपर्यो ।' उनको गुनासो सुनेपछि पुनः नापी आवश्यक भए त्यसलाई पहल गर्ने गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले आश्वासन दिए ।

अन्नपूर्ण ३ की राजु पौडेलले गाउँपालिकाले नक्साको बिक्री बाँडे पनि बजार व्यवस्थापनमा ध्यान नदिएको गुनासो गरे । 'बिक्री बाँडियो तर बजार व्यवस्थापन देखिएन । त्यसमा ध्यान दिनुपर्यो,' उनले भने, 'बारीमा खाग, तरकारी त्यत्तिकै छन् ।' गाउँपालिका अध्यक्ष केसीले उत्पादित वस्तु बजारीकरणमा बास्तबमै समस्या भएकाछ, गाउँपालिका सम्बोधन गर्न तयार रहेको बताए ।

कार्यक्रममा ठोल ठोलका सडकमा बत्ती हाल्नुपर्ने, बोटरले खेलीमा समस्या पारेको, युवालाई रोजगारीको वातावरण बनाउनुपर्ने, बिउ बितरण आवश्यकभन्दा कम भएको, त्यस्तुलो नपाएको, सडक योजनामा रिसा नहान्देको, प्राविधिकले काम बनारिएको गुनासो गरेका थिए । गाउँपालिका अध्यक्ष केसीले सबै समस्या एकैपटक समाधान सम्भव नहुने, छिलोचाँडो त्यसलाई सम्बोधन गर्ने प्रतिबद्धता जनाए ।

सार्वजनिक सुनुवाईमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमराज देवकोटाले बौमासिक प्रगति प्रतिबेदन प्रस्तुत गरेका थिए । कुल बजेटमध्ये मंसिर मसान्तसम्म ३२.२६ प्रतिशत खर्च भएको देवकोटाले जानकारी दिए । मंसिर मसान्तसम्म ९० लाख ५ हजार रुपैयाँ राजस्व संकलन भएको छ ।

जनप्रतिनिधि तथा कर्मचारीको बिबरण संकलन गरेर मुख्यमन्त्री कार्यालय पठाएको, संकटकारी सञ्चालक तथा कर्मचारीलाई लेखा तालिम दिइएको, सेवाग्राहीलाई प्रतीक्षा कक्षको व्यवस्था गरेको, अध्यक्षको अनुपस्थितिमा सचिवालयबाट कामकाज बढाउने काम भएको उनले बताए । कृषितर्फ ५० प्रतिशत अनुदानमा २५ हजार कोजी आलुको बिउ बितरण गरेको छ ।

१९ बटे बडामा गोडल फुर्ने निर्माण, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाा तरकारी पकेट कार्यक्रम सञ्चालनको तयारीमा रहेको, ठुवा र कोदो क्लस्टर निर्माण, हिउँदे फलफूल बिरुवा बितरणको चरणमा रहेको प्रमुख प्रशासकीय अधिकृत देवकोटाले जानकारी दिए ।

गाउँपालिकामा ८ बटा ठोल बिकास संस्था, आमा समूह, बाल र युवा क्लब रहेको उनको प्रतिबेदनमा उल्लेख छ । चालु आर्थिक वर्षमा कुल ९ सय ९९ बटा योजना रहेकोमा ३४ बटा योजना सम्झौता भइसकेको र २० बटाको भुक्तानी भइसकेको देवकोटाले जानकारी दिए । कोरोनाबिरुद्ध ४० हजार २ सय १८ जनालाई खोप दिइएको छ भने स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरेर ५ सय १३ परिवारको बिमा गरिएको छ ।

गाउँपालिका प्रवक्तासमेत रहेका अन्नपूर्ण ७ का बडाध्यक्ष भरतमान गुरुङले लान्द्रुक खानेपानी योजनालाई बाधक बनाएर गाउँपालिकाको खानेपानी समस्या समाधान गर्ने प्रतिबद्धता जनाए । उनले भूगोल दुर्लो भएकाले सार्वजनिक सुनुवाई गर्दा सबैलाई एकै ठाउँमा समेट्न नसकिएको बताए । 'भौगोलिक बिकटताले सबै ठाउँमा पुग्न सकिन्न । घुम्ती शिबिरजस्तै सबै बडामा पुग्ने गरी बडा बडामा सुनुवाई गर्छौं,' प्रवक्ता गुरुङले भने ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष चन्द्रकला अधिकारी, अन्नपूर्ण २, २, ३ का बडाध्यक्ष क्रमशः बुलनप्रसाद अधिकारी, पितांम्बर भण्डारी र फणीन्द्रप्रसाद पौडेलले बोलेका थिए ।

गाउँमै टुरिस्ट गाइड तालिम

समाधान संवाददाता

पोखरा, २९ चैत

कास्कीको अन्नपूर्ण गाउँपालिकाले गाउँकै युवालाई सक्षम बनाउने र रोजगारी सिर्जना गर्ने उद्देश्यले लाइसेन्स प्राप्त गाइड उत्पादनको प्रयास गरेको छ । नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानको प्राविधिक सहयोगमा गाउँपालिकाका ११ वडाका ४० जना युवाले गाइड तालिम लिएका छन् । गत १३ चैतदेखि सुरु भएको तालिम आइतबार समापन भएको छ ।

गाउँपालिकाभित्रकै आधार शिविरमा गाइड गर्नेहरु धेरै बाहिरको भएपछि स्थानीयलाई नै प्रोत्साहित गर्न गाउँमै तालिम दिइएको गाउँपालिका अध्यक्ष बिष्णुबहादुर केसीले बताए । 'यहाँ धेरै बाहिरको हुनुहुन्छ । गाउँपालिकामा सल्लाह गरेपछि गाउँकै युवालाई सक्षम बनाउन तालिम दिएका हौं,' उनले भने, 'यो तालिमबाट सिकेका कुरालाई सदुपयोग गर्नुहुन्छ भन्ने विश्वास छ ।'

सहभागीलाई पर्यटकसँग गर्ने व्यवहार, हिमपहिरो आउँदा बच्ने उपाय, पर्यटन बिमा, पर्यटन कानुन, द्वन्द्व व्यवस्थापन, पदमार्गमा पाउन सकिने वनस्पति र जीव, ट्रेकिङ, पर्वतारोहण, यात्रामा निस्कनुअघिको तयारी, हिमाली समाज र संस्कृति, नेपालको भूगोल, नेतृत्वलगायत विषयमा तालिम दिइएको हो । तालिम लिन ८० जनाभन्दा बढीले गाउँपालिकामा आवेदन दिएका थिए । तीमध्ये ४० जनालाई छनोट गरेर सैद्धान्तिक र प्रयोगात्मक प्रशिक्षण दिइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमराज देवकोटाले बताए ।

गाउँपालिकामा सञ्चालित नवप्रवर्द्धन साझेदारी कार्यक्रमअन्तर्गत पर्यटनमैत्री-प्रविधिमैत्री नमूना अन्नपूर्ण गाउँपालिका परियोजनामार्फत तालिम गरिएको तालिम संयोजक सूर्य तिमिल्सनाले जानकारी दिए । कतिपय युवाले तालिम नै नलिई गाइड गर्दै आएका थिए । तालिम लिन र परीक्षा दिन काठमाडौंसम्म जानुपर्ने अवस्था हटेर गाउँमै पाएपछि युवाहरूको उत्साहजनक सहभागिता थियो । 'हामी काठमाडौंसम्म जानुपर्थ्यो ।

गाउँमै तालिम पायौं । हामी यो ठाउँको ब्रान्ड एम्बेस्डर भएर काम गर्छौं,' तालिम लिएका शिवकृष्ण पौडेलले भने । तालिम सकिएसँगै सोमबार पर्वतीय प्रशिक्षण प्रतिष्ठानले परीक्षा लिँदै छ । त्यसमा उत्तीर्ण हुनेले लाइसेन्स पाउने छन् ।

अन्नपूर्ण पालिकाले दियो ४० युवालाई गाइड तालिम

आदर्श समाज

पोखरा, २७ चैत

कास्कीको अन्नपूर्ण गाउँपालिकाले गाउँकै युवालाई सक्षम बनाउने र रोजगारी सिर्जना गर्ने उद्देश्यले लाइसेन्स प्राप्त गाइड उत्पादनको प्रयास गरेको छ । नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानको प्राविधिक सहयोगमा गाउँपालिकाका ११ वडाका ४० जना युवाले गाइड तालिम लिएका छन् । गत १३ चैतदेखि सुरु भएको तालिम आइतबार समापन भएको छ ।

गाउँपालिकाभित्रकै आधार शिविरमा गाइड गर्नेहरु धेरै बाहिरको भएपछि स्थानीयलाई नै प्रोत्साहित गर्न गाउँमै तालिम दिइएको गाउँपालिका अध्यक्ष बिष्णुबहादुर केसीले बताए । 'यहाँ धेरै बाहिरको हुनुहुन्छ । गाउँपालिकामा सल्लाह गरेपछि गाउँकै युवालाई सक्षम बनाउन तालिम दिएका हौं,' उनले भने, 'यो तालिमबाट सिकेका कुरालाई सदुपयोग गर्नुहुन्छ भन्ने विश्वास छ ।'

सहभागीलाई पर्यटकसँग गर्ने व्यवहार, हिमपहिरो आउँदा बच्ने उपाय, पर्यटन बिमा, पर्यटन कानुन, द्वन्द्व व्यवस्थापन, पदमार्गमा पाउन सकिने वनस्पति र जीव, ट्रेकिङ, पर्वतारोहण, यात्रामा निस्कनुअघिको तयारी, हिमाली समाज र संस्कृति, नेपालको भूगोल, नेतृत्वलगायत विषयमा तालिम दिइएको हो । तालिम लिन ८० जनाभन्दा बढीले गाउँपालिकामा आवेदन दिएका थिए । तीमध्ये ४० जनालाई छनोट गरेर सैद्धान्तिक र प्रयोगात्मक प्रशिक्षण दिइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमराज देवकोटाले बताए ।

गाउँपालिकामा सञ्चालित नवप्रवर्द्धन साझेदारी कार्यक्रमअन्तर्गत पर्यटनमैत्री-प्रविधिमैत्री नमूना अन्नपूर्ण गाउँपालिका परियोजनामार्फत तालिम गरिएको तालिम संयोजक सूर्य तिमिल्सनाले जानकारी दिए । कतिपय युवाले तालिम नै नलिई गाइड गर्दै आएका थिए । तालिम लिन र परीक्षा दिन काठमाडौंसम्म जानुपर्ने अवस्था हटेर गाउँमै पाएपछि युवाहरूको उत्साहजनक सहभागिता थियो । 'हामी काठमाडौंसम्म जानुपर्थ्यो ।

गाउँमै तालिम पायौं । हामी यो ठाउँको ब्रान्ड एम्बेस्डर भएर काम गर्छौं,' तालिम लिएका शिवकृष्ण पौडेलले भने । तालिम सकिएसँगै सोमबार पर्वतीय प्रशिक्षण प्रतिष्ठानले परीक्षा लिँदै छ । त्यसमा उत्तीर्ण हुनेले लाइसेन्स पाउने छन् ।

अन्नपूर्णको राजस्व अब घरबाटै

ढोरपाटन संवाददाता

पोखरा, २५ वैशाख

कास्कीको अन्नपूर्ण गाउँपालिकाले सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने अभियानअन्तर्गत अनलाइनबाटै राजस्व भुक्तानीको सुरुवात गरेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकीका सचिव मनमाया भट्टराई पंगेनी र गाउँपालिका अध्यक्ष बिष्णुबहादुर के.सौले संयुक्त रुपमा अनलाइन सेवाको आइतबार शुभारम्भ गरे ।

अब गाउँपालिकाको करदाता पोर्टल खोलेर सेवाग्राहीले आफ्नो विवरण एवं करको अभिलेख हेर्न र भुक्तानी गर्न सक्ने छन् । हाल कनेक्ट आइपीएस र इसेवासँग सम्झौता गरेर राजस्व भुक्तानी गर्न सकिने व्यवस्था मिलाइएको गाउँपालिकाका सूचना प्रविधि अधिकृत ई. सूर्य तिमिल्सिनाले जानकारी दिए । स्थानीय तह भुक्तानी विकल्पमा गएर अन्नपूर्ण गाउँपालिका छनौट गरी सिधै भुक्तानीसमेत गर्न सकिने उनले बताए ।

गाउँपालिका अध्यक्ष बिष्णुबहादुर के.सौले अब प्रविधिको युग भएकाले त्यसैअनुसार आफूहरू अगाडि बढिरहेको बताए । प्रविधिको प्रयोगले समग्र कार्यसम्पादन र सेवा प्रवाहमा सुधार ल्याउने भएकाले प्रविधिलाई आत्मसात् गरेको उनको भनाइ थियो । जनतालाई सुशासन प्रत्याभूत गराउन र पालिकालाई सकारात्मक काम गरेर नमुना बनाउने दृढता सुनाए ।

प्रविधिमैत्री पालिका निर्माणमा विद्युतीय सेवाले ईंट्टा थप्ने काम गरेको गाउँपालिका उपाध्यक्ष चन्द्रकला अधिकारीले बताइन् । गाउँपालिका प्रवक्ता भरतमान गुरुङले जनताले तीन सय रुपैयाँ कर तिर्न दुई हजार रुपैयाँ खर्चन पर्ने बाध्यता अन्त्य भएको भन्दै खुसी व्यक्त गरे ।

यसअघि नै गाउँपालिकाले क्यू-आर कोडमार्फत भुक्तानी लिएर बिल काट्न सुरु गरेको थियो । त्यसका लागि पालिकाको कार्यालय जानैपर्थ्यो । अब भने त्यो बाध्यता हटेको छ । हालसम्म यसअघि कार्यालयमै पुगेर कर तिरेका ३५ सयभन्दा बढी करदाता प्रणालीमा आबद्ध भइसकेका छन् । उनीहरुले अब घरबाटै राजस्व थिर्न सक्ने छन् । प्रणालीमा आबद्ध हुन बाँकी अन्य सेवाग्राहीले सुरुमा एकपटक गाउँपालिका अथवा वडामार्फत आफ्नो सम्पत्ति विवरण प्रविष्ट गराएको हुनुपर्ने गाउँपालिकाले जनाएको छ ।

Lokaantar

अन्नपूर्णमा अनलाइन राजस्व भुक्तानी सेवा

NewsPolar

अन्नपूर्णमा अनलाइन राजस्व भुक्तानी सेवा « NewsPolar

Aarthiknews

अन्नपूर्णमा अनलाइन राजस्व भुक्तानी सेवा शुरु - Aa...

Arthakoartha.com

न्नपूर्णमा अनलाइन राजस्व भुक्तानी सेवा शुरू - Arthak...

Dainik Nepal

अन्नपूर्णमा अनलाइन राजस्व भुक्तानी सेवा - Dainik Ne...

Arthatantra.com

अन्नपूर्णमा अनलाइन राजस्व भुक्तानी सेवा – Arthatantra.c...

केही जिज्ञासा ?

धन्यबाद ☺